# स्वर्णिम होटल लि.

(साविक स्वर्णिम बुटिक होटल लि.)
काठमाडौं म.न.पा. -५, काठमाडौं

## वार्षिक साधारण सभा सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८२/०७/२५ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०८१/८२ को वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नका लागि बस्ने भएको हुँदा साधारण सभामा उपस्थित हुन सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान:**

मिति: २०८२/०८/१९ गते शुक्रवार (तद्अनुसार ०५ डिसेम्बर, २०२५)

समय: बेलुकाको ५:०० बजे

स्थान: काठमाडौं म.न.पा.-५, काठमाडौं स्थित Holiday Inn Express (Sangam Hall) ।

**छलफल गरिने प्रस्तावहरू (एजेण्डा):**

**क) विशेष प्रस्ताव तर्फ**

१. कम्पनीको स्वीकृत नियमावलीको नियम २७ (२) संशोधन गर्ने सम्बन्धमा ।

**ख) साधारण प्रस्ताव तर्फ**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. कम्पनीको आ.व. २०८१/८२ को लेखा परिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने सम्बन्धमा ।
३. कम्पनीको आ.व. २०८२/८३ को लागि लेखा परिक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. अख्तियारी दिने सम्बन्धमा ।
५. विविध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव